
# लेखापरीक्षण प्रतिवेदन

## झिमरुक गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## झिमरुक गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/538

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

झिमरुक गाउँ कार्यपालिकाको कार्यालय,

झिमरुक, प्युठान।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथासंरक्षणको रु.१२ करोड २५ लाख १३ हजार, सामाजिक विकास कार्यक्रममा रु.३ लाख ७५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.११ लाख ५५हजार गरी रु.१२ करोड ४० लाख ४३ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२.गाउँपालिकाको रु.१ अर्व १८ करोड ६७ लाख १० हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ५३ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.३ लाख ५६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख ८ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ३९ लाख ७० हजार रहेको छ।गत वर्षसम्म सम्परीक्षण पश्चात रु.३ करोड ३३ लाख ७५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ८३

लाख ५३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले आफु मातहतको स्थिर सम्पत्तिको खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने झिमरुक गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी झिमरुक गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४१ | १७ | ४,५३,३४,४८४ | ० | ९ | ३,५५,६६० | ० | ४१ | ८ | ४,४९,७८,८२४ | ० | ४,३९,७०,९५४ | १०,०७,८७० | ० | ० | ४,४९,७८,८२४ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ६,९८,०१,००० | 0 | ३,६४,२६,०१६ | ३,३३,७४,९८४ | ० | ४,४९,७८,८२४ | ७,८३,५३,८०८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३७ | छात्रबृति बढी निकासा | १५,८०० |
| २ | २०८०/८१ | ३९ | पाठ्यपुस्तक अनुदान बढी निकासा | १५,४३३ |
| ३ | २०८०/८१ | ४० | दिवा खाजा बढी निकासा | ११,९२७ |
| ४ | २०८०/८१ | ४५ | पोषणमैत्री नमुना टोल कार्यक्रम | ३,१२,५०० |
| ५ | २०७९/८० | २० | समानीकरणबाट शिक्षकको तलव | ३,५६,३७,८५२ |
| ६ | २०७९/८० | २७ | जिन्सी दाखिला प्रमाण | ७,४६,४९५ |
| ७ | २०७९/८० | ० | अस्पताल निर्माण | ० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | २९.३ | ठेक्का नं १÷२०७८।७९ चिस्यान केन्द्र भवन निर्माणः | ४१,६६६ |
| जम्मा | | | | ३,६७,८१,६७२ |

# (८०५५५५०३३०० - झिमरुक गाउँपालिका, प्युठान )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १०६.९३ वर्ग किलोमिटर तथा २६१३० जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१७ देखि २०८१।६।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ १ अर्ब रु.१८ करोड ६७ लाख १० हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को

वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोभै भुक्तानी) | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | | ९,०६,७०,९९१.६५ | ० | ९,०६,७०,९९१.६५ | ८,३३,९८,२२२.८७ | ८,३३,९८,२२२.८७ |
| १३००० | अनुदान | | ३४,६५,२८,४५२.०० | ० | ३४,६५,२८,४५२.०० | ३९,०६,९३,९६२.२० | ३९,०६,९३,९६२.२० |
| १४००० | अन्य राजस्व | | ६०,९८,२४४.८५ | ० | ६०,९८,२४४.८५ | ६०,३७,७३९.२९ | ६०,३७,७३९.२९ |
| १५००० | विविध प्राप्ति | | ३,०६,७०४.०० | ० | ३,०६,७०४.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४४,३६,०४,३९२.५० | | ४४,३६,०४,३९२.५० | ४८,०१,२९,९२४.३६ | ४८,०१,२९,९२४.३६ |
| ३ | चालु | | ३४,०८,४७,७१३.७३ | ० | ३४,०८,४७,७१३.७३ | ३५,०७,४८,७६२.४४ | ३५,०७,४८,७६२.४४ |
| २१००० | पारिश्रमिक / सुविधा | | २१,०४,९१,८८७.३० | ० | २१,०४,९१,८८७.३० | १८,७५,९३,९७१.४४ | १८,७५,९३,९७१.४४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,०५,९२,३२३.०० | ० | ८,०५,९२,३२३.०० | ११,६३,९९,११४.०० | ११,६३,९९,११४.०० |
| २५००० | सहायता (Subsidy) | | ३,८३,५४,८३८.४३ | ० | ३,८३,५४,८३८.४३ | ३,७२,२९,५०३.०० | ३,७२,२९,५०३.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८८,९५,५२५.०० | ० | ८८,९५,५२५.०० | ७५,०५,६५४.०० | ७५,०५,६५४.०० |
| २८००० | अन्य खर्च | | २५,१३,१४०.०० | ० | २५,१३,१४०.०० | २०,२०,५२०.०० | २०,२०,५२०.०० |
| ४ | पूंजीगत | | १०,०६,२८,३८३.०० | ० | १०,०६,२८,३८३.०० | १६,४६,८८,२५१.०० | १६,४६,८८,२५१.०० |
| ३१११० | भवन तथा संरचना | | २,४४,३८,२५०.०० | ० | २,४४,३८,२५०.०० | ३,०१,२५,३८१.०० | ३,०१,२५,३८१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १६,६१,४९५.०० | ० | १६,६१,४९५.०० | ९३,१०,२२५.०० | ९३,१०,२२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १,७०,०६५.०० | ० | १,७०,०६५.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ७,३७,७८,४८७.०० | ० | ७,३७,७८,४८७.०० | १२,५२,५२,६४५.०० | १२,५२,५२,६४५.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५,८०,०८६.०० | ० | ५,८०,०८६.०० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४४,१४,७६,०९६.७३ | | ४४,१४,७६,०९६.७३ | ५१,५४,३७,०१३.४४ | ५१,५४,३७,०१३.४४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | २१,२८,२९५.७७ | | २१,२८,२९५.७७ | (३,५३,०७,०८९.०८) | (३,५३,०७,०८९.०८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १०,३७,०३३.९२ | | १०,३७,०३३.९२ | ३,३८,१२१.५० | ३,३८,१२१.५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ३१,६५,३२९.६९ | | ३१,६५,३२९.६९ | (३,४९,६८,९६७.५८) | (३,४९,६८,९६७.५८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,६२,७६,९७१.८२ | | ३,६२,७६,९७१.८२ | ७,१२,४५,९३९.४० | ७,१२,४५,९३९.४० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,९४,४२,३०१.५१ | | ३,९४,४२,३०१.५१ | ३,६२,७६,९७१.८२ | ३,६२,७६,९७१.८२ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक विकास कार्यक्रम | 375000.0 | १ | सामाजिक विकास कार्यक्रम | 375000.0 |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १२२५१३६६८ | २ | सामाजिक सुरक्षा तथा संरक्षण | १२२५१३६६८ |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११५५००० | ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११५५००० |
| | जम्मा | 124043668 | | जम्मा | 124043668 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **एकिकृत वित्तिय विवरण**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२ करोड २५ लाख १३ हजार, सामाजिक विकास कार्यक्रममा रु.३ लाख ७५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.११ लाख ५५ हजार गरी रु.१२ करोड ४० लाख ४३ हजार सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमा प्रविष्टि गरी वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ ।

४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट रकम रु.हजारमा | खर्च रकम रु.हजारमा | खर्च प्रतिशत कुल खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०१३८ | ३१८६७ | ७ |
| २ | पूर्वाधार विकास | ५३०९३ | ४३६६१ | १० |
| ३ | सामाजिक विकास | ३०८००५ | २८५२९५ | ६५ |
| ४ | बातावरण तथा विकास | ४९२ | २०२ | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६५२८ | १४२३० | ३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९३०९६ | ६६११८ | १५ |
| | जम्मा | ५११३५४ | ४४१३७६ | |

### ५ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय - व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष विभिन्न योजना तर नाम नखुलाई रु.४२ लाख अबण्डा बजेट व्यवस्था गरेकोमा रकमान्तर गरी अन्य विभिन्न योजनामा २३ लाख ४३ हजार खर्च गरेको छ। कानूनी आधार बेगर लेखेको यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

### ६ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका | रु.५ लाख देखि २० लाख सम्मका योजना | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३२० | ३ पचास लाख मुनी | २२ | २९५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २७३ योजनामात्र कार्यान्वियन भई ४७ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

### ७ वार्षिक लक्ष्य तथा प्रगति

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयले यस बर्ष पुँजिगत तर्फ रु.१२ करोड १४ लाख वजेट व्यवस्था भएकोमा भएको रु.१० करोड ६ लाख (वजेटको तुलनामा ८२.८५ प्रतिशत) खर्च भएको छ । वजेट विनियोजन अनुसार खर्च प्रगति उल्लेखनीय रहेको छ ।

| क्र.सं. | शीर्षक | बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|
| | पूंजीगत | | | |
| १ | ३११११ आवासीय भवन निर्माण/खरिद | २७,००,०००.०० | २६,९२,२२३.०० | ९९.७१ |
| २ | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | २,६८,७७,७७८.०० | २,१२,६३,४७०.०० | ७९.११ |
| ३ | ३१११३ निर्मित भवनको संरचनात्मक सुधारखर्च | ५,००,०००.०० | ४,८२,५५७.०० | ९६.५१ |
| ४ | ३११२२ मेशिनरी तथा औजार | १२,३४,०००.०० | ११,३६,४००.०० | ९२.०९ |
| ५ | ३११२३ फर्निचर तथा फिक्चर्स | ७,००,०००.०० | ५,२५,०९५.०० | ७५.०१ |
| ६ | ३११३५ पूँजीगत परामर्श खर्च | १३,००,०००.०० | १,७०,०६५.०० | १३.०८ |
| ७ | ३११५१ सडक तथा पूल निर्माण | ३,८९,३६,५१२.०० | २,९९,३२,९६०.०० | ७६.८८ |
| ८ | ३११५३ विद्युत संरचना निर्माण | ८,००,०००.०० | ५,९७,८७१.०० | ७४.७३ |
| ९ | ३११५५ सिंचाई संरचना निर्माण | १,३३,००,०००.०० | १,२८,३९,६८३.०० | ९६.५४ |
| १० | ३११५६ खानेपानी संरचना निर्माण | १,२४,१३,०००.०० | १,२०,३३,८२७.०० | ९६.९५ |
| ११ | ३११५९ अन्य सार्वजनिक निर्माण | २,२१,०१,१९३.१२ | १,८३,७४,१४६.०० | ८३.१४ |
| १२ | ३११६१ निर्मित भवनको संरचनात्मक सुधारखर्च | ६,००,०००.०० | ५,८०,०८६.०० | ९६.६८ |
| | जम्मा | १२,१४,६२,४८३.१२ | १०,०६,२८,३८३.०० | ८२.८५ |

## ८ योजना तथा वजेट कार्यान्वयन

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१० करोड ६ लाख २८ हजारको पुँजिगत तर्फ खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.२ करोड ३१ लाख ४८ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.५७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ९ त्रैमासिक खर्च

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा क्रमस: २.३३ र १.५३ प्रतिशत, तेस्रो

त्रैमासिकमा ७ तथा चौथो त्रैमासिकमा ७१.३४ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ५६.७२ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १००६२८ | २८३२ | १८६४ | ९२७३ | ८६६५७ | ६८८९० |
| २ | प्रतिशत | | २.८१ | १.८५ | ९.२२ | ८६.१२ | ५७ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७१ प्रतिशत तथा आषाढ महिनामा ५७ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १० गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी ९ योजनामा रु.२५ लाख ९३ हजार ३०१ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## ११ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका ३६ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ८ पदहरु रिक्त छन । रिक्त मध्ये ४ वडा सचिव रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## १२ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ कर्मचारीको रु.१ करोड ३ लाख ३८ हजार, र पालिकाका चालुतर्फ १५ जना कर्मचारीको रु.८२ लाख ८३ हजार गरी रु.१ करोड ८६ लाख २१ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १३ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषट खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकामा ४ जना स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि यस वर्ष रु. २२ लाख ७० हजार खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रु.२ लाख लाख २७ हजार कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकासकोषमा रकम जम्मा गर्नुपर्नेमा

गरेको छैन ।साथै कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था नभएको अवस्थामा समानीकरणवाट रु.१० लाख निकासा गरेको रकम नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

**१४ करार कर्मचारी व्यवस्थापन**

१४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा २३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.७२ लाख ४१ हजार खर्च लेखेको छ ।

१४.२ त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना अ.न.मी. ४, अहेव ३, ल्याब टेक्निसियन २ समेत ९ जना करार कर्मचारीको बिगत बर्षदेखि दरबन्दी बाहिरका पदको म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.३४ लाख ६८ हजार ४०० भुक्तानी गरेको छ।यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,६८,४०० |

**१५ विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.९ लाख २४ हजार ६८१ खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

**१६ आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.१६ लाख ६५ हजार आर्थिक सहायता वितरण गरेको छ । वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

**१७ बजेट पारित तथा अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु.५० करोड ५८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१५ पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८०।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

**१८ बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाको निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रहेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २४३८०९०८ | २४३८०९०८ | ० |
| प्रकोप व्य कोष खाता | १७९३३३१ | १७९३३३१ | ० |
| स्थानीय तह विविध कोष खाता | ४७३१००० | ४७३१००० | ० |
| बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ६३१८७१ | ६३१८७१ | ० |
| स्धानीय तह धरौटी खाता | ७९०५१९२ | ७९०५१९२ | ० |
| जम्मा | ३९४४२३०२ | ३९४४२३०२ | |

१९ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा निम्नानुसार खर्च भएको देखिन्छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | वैंठक भत्ता | २९७३ | ३६०० | नखुलाएको |
| २ | इन्धन | २३४१ | ४३६६ | नखुलाएको |

२० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत १ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण तथा अनुगमन वापत रकम खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## २१ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## २२ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो ।यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि | २५८१ | ४५० | ४७७४ | ३०३१ | १९७३ |

## २३ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३८ वटा ऐन तथा नियमावली तथा कार्यबिधि समेत १११ स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिदैन ।

## २४ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको १४ यस वर्षको १८ समेत ३२ मुद्दा मध्ये १९ फछ्र्यौट भई १३ वाँकी रहेको छ । समितिमा परेको उजुरीको तोकिएको समयमा टुङ्गो लगाउने तथा सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

## २५ सेवाप्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारीस | १९०७ |
| घरवाटो चार किल्ला सिफारीस | १९१ |
| नाता प्रमाणीत | ६५३ |
| अन्य सिफारीस | ५३५७ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा प्रवाहको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

२६ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत पालिकाको संचित कोषमा जम्मा भएको छैन । अत: बन कार्यालयसंग समन्वय गरी आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार विक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नु पर्दछ ।

२७ **ढुङ्गा गिटी वालुवा विक्रि**

पालिका अन्तर्गत राजश्वको क्षेत्रमा रहेको ढुङ्गा गिटी वालुवा विक्री सम्वन्धमा पहिचान भई IEE भएका २ खोला झिमरुक र गर्तक खोलाको उत्खनन् हुन सक्ने परिमाण १८०३६.४ घनमिटरको रु.४३ लाख १७ हजार मूल्यअभिवृद्धि कर समेतको लागि २०८० कार्तिक २४ मा प्रथम पटक सूचना गरेकोमा कुनैपनि वोलपत्र नपरेको तथा २०८०।८।१७ मा पुन वोलपत्र गरेकोमा समेत कुनैपनि वोलपत्र दर्ता हुन सकेको देखिएन । चोरी निकासी नियन्त्रण गर्न समेत सहयोग पुग्ने राजश्वको ठेक्का व्यवस्थापन नहुनु मनासिव देखिदैन। चोरी निकासी नियन्त्रण स्थानीय वासिन्दाहरुसंग समन्वय गरी राजश्वको ठेक्का पट्टा समयमानै गर्ने तर्फ पहल हुनुपर्दछ।

२८ **राजश्व असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छः गत वर्ष भन्दा यस वर्ष राजश्व घटेको देखिन्छ। राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ।

| शीर्षक | वास्तविक आय | वास्तविक आय | घटी वढी प्रतिशत |
|---|---|---|---|
| आर्थिक वर्ष | २०७९।८० | २०८०।८१ | |
| १४१५७ दहत्तर वहत्तर | ९८६५१० | ७१५१४६ | ७२.४९ |
| ११११३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ४५४८०० | ० | -१००.०० |
| ११३१४ भुमिकर/मालपोत | ७९६५०४ | ६२१८५४ | -२१.९३ |
| ११३१७ वहाल कर | २५०७८१ | ३२९०३२ | ३१.२० |
| ११३१८ वहाल विटौरी कर | ० | ३५०० | १००.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | ० | १८००० | १००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ९६४६९ | २००० | -९७.९३ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २०३८८५६ | ४५१८३५ | -७७.८४ |
| १४२४३ सिफारिश दस्तुर | १३९९८९५ | २२५२९३८ | ६०.९४ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ४४३६८० | ४५१०६० | १.६६ |
| १४२४५ नाता प्रमाणित दस्तुर | १५६५४२ | १४७३७० | -५.८६ |
| १४२४९ अन्य दस्तुर | १७०६६४ | ३५३१११ | १०६.९० |
| १४६११ व्यवसाय कर | ७३८१८७ | ५९०५३५ | -२०.०० |
| जम्मा | ६५४६३७८ | ५२२१२३५ | |

२९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आ.व. : २०८०/८१ प्रकार : आन्तरिक राजस्व खाता महिना : असार

| शीर्षक | प्रस्तावितआय | वास्तविकआय | आम्दानी(%) |
|---|---|---|---|
| अन्तरिक श्रोत | **४९८४०००।** | **५२२१२३४।६३** | |
| ११‌१३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ६,००,०००.०० | ० | ० |
| ११३१४ भुमिकर/मालपोत | ७,५०,०००.०० | ६,२१,८५४.०५ | ८२.९१ |
| ११३१७ वहाल कर | १,५०,०००.०० | ३,२९,०३२.०० | २१९.३५ |
| ११३१८ वहाल विटौरी कर | ७,०००.०० | ३,५००.०० | ५० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २२,०००.०० | १८,०००.०० | ८१.८१ |
| ११४७९ अन्य मनोरञ्जन कर | ५,०००.०० | ० | ० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ४,५०,०००.०० | २,०००.०० | ०.४४ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | २,००,०००.०० | ४,५१,८३५.०० | २२५.९२ |
| १४२४३ सिफारिश दस्तुर | १६,००,०००.०० | २२,५२,९३८.०० | १४०.८१ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,५०,०००.०० | ४,५१,०६०.०० | ३००.७ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २,००,०००.०० | १,४७,३७०.०० | ७३.६९ |
| १४२४९ अन्य दस्तुर | ५०,०००.०० | ३,५३,११०.५८ | ७०६.२२ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३० **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।**

-कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

- स्थानीय उत्पादन निकासी कर लगाईएको पाईएन।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

३१ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८२ लाख ३८ हजारसुविधा वापत भुक्तानी भएको छ । यस्तो खर्च आन्तरिक आय रु३ करोड ५३ लाखको तुलनामा २३.३३ प्रतिशत हुन आउँछ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | यातायात खर्च | १४४००० | ० | ९६०००० | ४३२००० | ९२७००० | २४६३००० |
| २ | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | २८८००० | २१६००० | ७७२५०० | १३५४५०० |
| ३ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | २८८००० | २१६००० | ६१८००० | १२१८००० |
| ४ | समन्वय तथा सहजीकरण | १२०००० | ९६००० | ५७६००० | ३६०००० | ९२७००० | २०७९००० |
| ५ | अतिथि सत्कार | ७२००० | ६०००० | ३८४००० | ० | ० | ५१६००० |
| ६ | खानेपानी/बिजुली सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ७ | मर्मत संभार र विद्युत उर्जा खर्च | ६०००० | ६०००० | | | | १२०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | ९६००० | ६०००० | १८२००० | ३६८००० |
| | जम्मा | ५६१००० | ३७५००० | २५९२००० | १२८४००० | ३४२६५०० | ८२३८५०० |

३२ **नाफामुलक संस्थालाई अनुदान**

५७।८०।३।२४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले निम्नानुसारका सहकारी संस्थाको भवन निर्माणका लागि रु.१३ लाख ६८ हजार ३७४ भुक्तानी दिएको छ ।यसवाट सार्वजनिक रुपमा नागरीकले सेवा पाउने सुनिश्चित नभएकोले खर्च गरेको रकम अनियमित देखिएको रु.

| क्र सं | भौचर नं र मिति | विवरण | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | ५।८०।६।१८ | चौतारा उपभोक्ता सहकारी संस्था भवन निर्माण | ९५१००० |
| २ | ३३०।८१।३।२३ | मधुकुण्ड कृषि सहकारी संस्था भवन निर्माण | १२७३२७४ |
| | | जम्मा | १३६८३७४ |

| | |
|---|---|
| अनियमित भएको | २२,२४,२७४ |

३३ **शिर्षक फरक**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्नेव्यवस्था गरेको छ। त्यसैगरी महालेखा नियन्त्रक कार्यालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बिनियोजित बजेट सम्बन्धित खर्च शिर्षक अन्तर्गत रहेर शिर्षक फरक नपर्ने गरी खर्च लेख्नु पर्ने ब्यवस्था छ ।साथै स्थानिय तहबाट संचालन गरीने स्वास्थय तर्फका सशर्त अनुदान अन्तरगतका क्रियाकलापहरु संचालन सम्बन्धी मार्गदर्शन २०८०।०८१ मा स्थानिय तहका स्वास्थ्य शाखा,स्वास्थय चौकी, प्राथमिक स्वास्थय केन्द्र,अस्पताल तथा आयुर्बेद औषधालायहरु मा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुशार तलब र भत्ता मात्र खर्च लेख्नेमिल्ने ब्यवस्था छ ।पालिकाले निम्न भौचार न र मिति बाट निम्नानुशारका खर्चहरु समेत सोही शिर्षकबाट खर्च भुक्तानी भएकाले अनियमित देखिएको रु

| भौचार न।मिति | खर्च शिर्षक | रकम |
|---|---|---|
| २८-०८०/०८/२९ | औषधी ढुवानी र फिल्ड भत्ता | ६०४०० |
| ३१-०८०/०९/१७ | औषधी ढुवानी र फिल्ड भत्ता | ९८३६० |
| ७६-०८१/०२/१ | औषधी ढुवानी र फिल्ड भत्ता | १०६०६० |
| ७७-०८१/०२/१ | औषधी ढुवानी र फिल्ड भत्ता | ६६४०० |
| १३३-०८१/०३/१५ | औषधी ढुवानी र फिल्ड भत्ता | १०८०६० |
| १३५-०८१/०३/१५ | औषधी ढुवानी र फिल्ड भत्ता | ६४००० |
| जम्मा | | ५०३२८० |

| | |
|---|---|
| अनियमित भएको | ५,०३,२८० |

३४ **तालिम नर्म्स**

तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी संघीय, प्रादेशीक तथा स्थानीय सरकारहरुले आ आफ्नो खर्चको मापदण्ड, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी कार्यान्वयनमा रहेको देखिन्छ । हाल प्रयोगमा रहेको कार्यसंचालन निर्देशिका २०७७, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ तथा पालिकास्तरमा स्वीकृत गरेको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ मा निम्नानुसार खर्च शिर्षकहरुमा भिन्नता रहेको पाइएकोले सो सम्बन्धमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

| विवरण | कार्यसंचालन निर्देशिका २०७७ (संघीय) | सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (प्रादेशिक) | सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका (पालिकास्तर) | कैफियत |
|---|---|---|---|---|
| प्रशिक्षक भत्ता (प्रवचन र कार्यपत्र समेत) | १३००-२२०० | अधिकतम रु३५००। | अधिकतम रु३४००। | सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक पाइने छैन । तर कार्यपत्र वापतको रकम पाउनेछ भन्ने व्यहोरा पालिकासतर निर्देशिकामा हटाइएको र प्रवचन समेतको भुक्तानी गरिएको । |
| | | | | |
| तालिम संयोजक भत्ता | ३००-५०० | १००० | १००० | |
| सहयोगी भत्ता | १५० | ५०० | ५०० | |
| सहभागी भत्ता | ० | | ८०० | १ दिने तालिममा समेत |
| प्रतिवेदन | १००० | १००० | १००० | |
| प्रस्तावना | ० | ० | १००० | |
| अध्यक्षता | ० | ० | १५०० | |
| अनुगमन अधिकृतस्तर | ० | ० | १५०० | |
| अनुगमन सहायकस्तर | ० | ० | १२०० | |
| खाजा | २०० | ३०० | ३५० | |
| खाना | | ७०० | ८०० | |
| मसलन्द सामाग्री | ५०-१०० | १०० | १०० | |

पालिकाले यस वर्ष संचालन गरेको विभिन्न कार्यक्रम तथा तालिम सबैमा अध्यक्ष भत्ता (१ जना रु१५००), कार्यक्रम अनुगमन अधिकृतस्तर (२ जना प्रति व्यक्ति रु.१५००) र कार्यक्रम अनुगमन सहायकस्तर (२ जना प्रति व्यक्ति रु.१२००), १ दिने तालिममा समेत सहभागी भत्ता (तालिममा सहभागीहरुलाई प्रति व्यक्ति रु.८००) वापत खर्च लेखेको पाइयो। संघीय तथा प्रदेश कानूनमा व्यवस्था नभएको यस प्रकारको खर्च नियन्त्रण हुनुपर्दछ ।

## ३५ संचालन प्रतिवेदन

१३३।०८०।८।१५ प्युठान अस्पताल विकासलाई डाइलोसिस सेवा संचालनको लागि मेसिनरी औजार खरिद गर्न २०८०।८।११ मा भएको सम्झौता अनुसार रु.४ लाख भुक्तानी भएको छ।सम्झौता अनुसार खरिद गरी सेवा संचालन को प्रतिवेदन पेश गर्ने उल्लेख

भएकोमा सोको प्रगति विवरण पेश भएको देखिएन । सम्झौता अनुसार इलोसिस सेवा संचालनको लागि मेसिनरी औजार खरिद गरी सोको संचालन प्रतिवेदन पेश हुनुपर्दछ ।

३६ **सहभागी भत्ता**

७८२।०८१।३।१६ संचालन वापत खर्च लेख्दा स्वीकृत नम्स वमोजिम खर्च लेख्नुपर्दछ । २०८१।२।१६ र १७ गते संचालन भएको अभिमुखिकरण कार्यक्रम संचालन गरी रु.१ लाख ५० हजार खर्च लेखेको पाइयो। उक्त कार्यक्रम पालिकाको सभाहलमा संचालन भएकोमा प्रति सहभागी रु.८०० का दरले सहभागी भत्ता वापत २ दिनको ४६ जनाको रु.६९ हजार ६०० खर्च लेखेको पाइयो । यस्ता कार्यक्रममा भत्ता खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३७ **छात्रबृति बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **शिक्षकको तलव भत्ता अनुदान**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची÷१ बमोजिमको फाराम शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्गत ४६ विद्यालयमा कुल शिक्षक दरवन्दि १३९ मध्ये सवै पदपुर्ति भएको र दरवन्दि वाहिरका शिक्षक समेत २४ जना कार्यरत रहेकोमा शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी ४६ विद्यालयहरुलाई ७७ शिक्षकका लागि रु.३ करोड ६७ लाख ७५ हजार थप अनुदान उपलब्ध गराएको देखियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई सघीय सरकारबाट प्राप्त हुने रकमबाट यस्तो विद्यालयको शिक्षक तलवभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च रु.३ करोड ६७ लाख ७५ हजार नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६७,७५,००० |

३९ **पाठयपुस्तक अनुदान बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,८२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,८९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **दिवा खाजा बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,९२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **स्मार्ट कृषि गाँउ कार्यक्रम**

९२८।०८१।३।२४ स्मार्ट कृषि गाउँ कार्यक्रम संञ्चालन कार्यविधि, २०७६ अनुसार लुम्बीनी प्रदेश अन्तर्गतका पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्धन, आधुनीक र समयसापेक्ष तरिकावाट गर्न प्रदेश सरकारले नीजी कृषक समुह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगाएतको सहकार्यमा प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एक दिगो कार्यक्रम संञ्चालन गरी रोजगार सृजना गर्दै कृषकको आय स्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यसाथ स्मार्ट कृषि गाउँ कार्यक्रम संञ्चालन गर्ने उल्लेख छ। पालिका अन्तरगत स्मार्ट कृषि गाँउ कार्यक्रम मुख्य बाली बाख्रा र सहायक बाली लसुन वापत रु१६,५८,६७२।० खर्च लेखेको पाइयो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

४१.१ क) स्मार्ट कृषि गाँउ कार्यक्रम संचालन कार्यविधि २०७५ को बुँदा नं ७(६) मा कार्यक्रम संचालनको लागि छनौट भएको गाँउमा चार वर्षसम्म प्रदेश सरकारको योगदान २५ प्रतिशतले क्रमश: घटाउँदै लगि चौथो वर्षमा पूर्णरुपमा सम्बन्धित स्थानीय तहको जिम्मेवारीमा रहने गरी हस्तान्तरण गरिने र समग्र समिक्षाका आधारमा हरेक वर्ष थप नयाँ गाँउमा कार्यक्रम विस्तार गरिने उल्लेख भएकोमा हस्तान्तरण भएको पाईएन।कार्यविधिअनुसार हस्तान्तरण गरी स्मार्ट कार्यक्रमको संचालन हुनुपर्दछ ।

४१.२ स्मार्ट कृषि गाँउ कार्यक्रम संचालन कार्यविधि २०७५ को बुँदा नं १५(२) मा स्थानीय तहले विनियोजित रकम र स्वीकृत कार्यक्रम अनुसार समुदायस्तरमा भैरहेको क्रियाकलापहरुको कार्यान्वियन अवस्था र प्रगतिको चौमासिक रुपमा अनुगमन गर्ने उल्लेख छ । तर पालिकाबाट कार्यविधि अनुसार अनुगमन गरी प्रतिवेदन जारी गरेको पाइएन । कार्यान्वियन अवस्था र प्रगतिको अनुगमन तथा सोको सुधार हुनुपर्दछ ।

४१.३ दियाल्ना स्मार्ट कृषि गाँउ कार्यक्रम आर्थिक वर्ष २०७६।०७७ देखि लागु भएकोमा उक्त कार्यक्रम ५ औं वर्ष कार्यान्वियन चरणमा रहेको र यस वर्ष पालिका, एकिकृत तथा पशुपन्छी विकास कार्यालय र दियाल्ना स्मार्ट कृषि गाँउ कार्यक्रम व्यवस्थापन विच जलवायु स्मार्ट, सिंचाई स्मार्ट, पोषकतत्व स्मार्ट, प्रविधि स्मार्ट, बजार स्मार्ट र अन्तरसम्बन्धित विषयमा पालिकाले रु.१८ लाख, एकिकृत तथा पशुपन्छी विकास कार्यालयले रु.२२ लाख ५० हजार र दियाल्ना स्मार्ट कृषि गाँउ कार्यक्रम व्यवस्थापनले रु.४ लाख ५० हजार गरी जम्मा रु.४५ लाख खर्च गर्ने गरी मिति २०८०।१२।२८ मा सम्झौता भएको देखिन्छ । सम्झौताको बुँदा नं ६ मा सहकार्यमा संचालित कार्यक्रमहरुको प्रगति विवरण तयार गरी उपलब्ध गराउनु पर्नेमा उपलव्ध गराएको पाइएन ।

## ४२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ८४ जनालाई औसत ९६.५ दिन रोजगारी उपलव्ध गराई प्रति दिन प्रति व्यक्ति रु.६७८। का दरले रु.५४ लाख ९४ हजार श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४३ **अधुरा निर्माण कार्य**

४४।२०८१।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(४) वमोजिम निर्माण कार्यको हकमा आयोजनको उद्देश्य अनुरुप उपयोगमा आएको अवस्थामा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ।वाङ्मेमरौट स्वास्थ्य चौकी भवन सौतामारे भवन निर्माणको संरचनाको आंशिक लागत अनुमान रु.४२ लाख ८७ हजार ७१ स्वीकृत गरी उपभोक्तामार्फत कार्य गराई रु.३८ लाख ३० हजार को कार्य सम्पन्न गरी नापी तथा कार्य सम्पन्न पेश भएकोमा रु.३७ लाख ५४ हजार ५१९ भुक्तानी भएको छ। निर्माण कार्यको झ्याल ढोका प्लाष्टर तथा अन्य फिनीसिङ्गका कार्यहरु वाँकी रहेको छ। वजेट विनियोजनका आधारका आंशिक कार्यका लागि लागत अनुमान तयार तथा कार्य सम्पन्न गरि कार्य स्वीकार प्रतिवेदन तयार गरेको भए पनि योजना अधुरो रहेको यस वर्ष वजेट विनियोजन नभएको तथा सम्पन्न तथा उपयोगको सुनिश्चितता देखिएन।निर्माण कार्य सम्पन्न गरी उपयोगमा ल्याउनुपर्ने देखिन्छ ।

## ४४ **अधुरो आयोजना**

रुम्घास दिहाल्ना खानेपानी निर्माण योजना निर्माणको लागि आर्थिक वर्ष २०७९।९० मा रु.६७ लाख ९० हजार ३१६ लागत अनुमान स्वीकृत गरी वोलपत्र हुँदा रु.५३०३६२८।० कवोल गर्ने मकालु कन्ट्रक्सन संग २०७९।१२।१० मा २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्नेगरी खरिद सम्जौता भएकोमा गत वर्ष २०७९।८० सम्म रु.१२ लाख ४० हजार ७७ (२३.३८ प्रतिशत) कार्य भई उक्त रकम भुक्तानी भएको छ ।खरिद सम्झौता वमोजिमको अवधिमा कार्य सम्पन्न भएको देखिएन । यस सम्वन्धमा देखिएको व्यहोरा देहायमा उल्लेख छन ।

४४.१ **कार्यसम्पादन जमानत:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम ४ वमोजिम निर्माण सम्पन्न भई त्रुटी सच्याउने अवधि खाम्ने कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्य सम्पन्न नभएको म्याद थप नभएकोमा कृषि विकास वैक द्धारा जारी भएको रु.४ लाख १० हजारको ग्यारेन्टीको म्याद २०८१।३।७ मा समाप्त भएकोमा थप भई पेश भएको देखिएन। अत: उक्त जमानतको म्याद थप गरी पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१०,००० |

४४.२ **कार्यतालिका:** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ ।खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु छन् ।उल्लेखित निर्माण कार्यमा सम्मानै कार्य सम्पन्न नभएकोमा कारण खुलाई म्याद थपको निवेदन दिएको देखिएन।अत: म्याद थप नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) वमोजिम पुर्वनिर्धारीत क्षतिपुर्ति लगाई निर्माण कार्य सम्पन्न हुनुपर्ने देखिन्छ ।

४५ **पोषणमैत्री नमुना टोल कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४६ **कार्य सम्पन्न नभएको**

निर्माण व्यवसायीसंग गरेको खरिद सम्झौता वमोजिम तोकेको समयमा कार्य सम्पन्न हुनुपर्दछ । निम्नानुसारका सालवसाली कार्यहरु तोकेको समयमा कार्य सम्पन्न भएको देखिएन ।सम्झौता वमोजिमको काम सम्झौता वमोजिम आवश्यक कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | भुक्तानी | प्रगति |
|---|---|---|---|---|---|
| स्वास्थ्य संस्थाहरुको पुर्वाधार निर्माण | आर.जि.पि. निर्माण सेवा | ३९०८६८३ | ८१।३।२६ | ३७००३२८ | ९५ |
| ढाँट तुषारा कुत्ता मो वा निर्माण | वरदान निर्माण सेवा | २५१६८२९ | ८१।३।१६ | २२९४८७६ | ९१ |
| वडा वं ४ वड कार्यालय समेत पुर्वाधार निर्माण | फुलवारी निर्माण सेवा | ३००५७९० | ८१।३।१५ | २७९१६०० | ९३ |
| ढाँट स्याउलीघारी मोटरवाटो | श्री समृद्धि निर्माण सेवा | १२५५७९० | ८१।३।१६ | ११३६०४१ | ९० |
| | जम्मा | | | ९९२२८४५ | |

४७ **वितरण नभएको**

१२।८१।३।४ नवीकरणीय उर्जा जडान कार्यक्रम अन्तरगत ५४० विद्युतिय चुल्हो वितरणका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र पालिका विच कुल खरिद लागत रु.१९ लाख ९२ हजार ९०३ को तिस प्रतिशत रु.५ लाख ९७ हजार ८७० गाउँपालिकाले व्यहोर्ने तथा बाँकी केन्द्रले व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार गाउँपालिकाले लाभग्राहीको छनौट गरी केन्द्रलाई पठाउनुपर्ने र उक्त लाभग्राहीहरुलाई चुल्हो वितरण तथा जडान गरी सोको सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख भएकोमा चुल्हो खरिदका लागि सम्झौता वमोजिमको रकम पठाएकोमा लाभग्राहीलाई वितरण गरी सोकोसम्पन्न प्रतिवेदन तयार भएको देखिएन ।अत: उक्त सम्झौता वमोजिम चुल्हो वितरण गरी सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९७,८७० |

४८ **चिस्यान केन्द्र निर्माण:**

पालिका अन्तरगत चिस्यान केन्द्र निर्माण कालागि २०७८।७९ मा रु.२ करोड ५७ लाख ६४ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र हुँदा रवीना-जुगल-घभिनाको रु.२ करोड ४९ लाख ७० हजारको वोलपत्र स्वीकृत गरी २०७९।२।२५ मा २०८०।२।३१ भित्र कार्यसम्पन्न गर्नेगरी खरिद सम्झौता भएकोमा सम्झौता वमोजिमको अवधिमा कार्य सम्पन्न हुन नसकि २०८०।५।३० सम्म म्याद थप भएकोमा उक्त निर्माण कार्य कार्यसम्पन्न भई कुल काम भएको रु.२ करोड ३९ लाख ४६ हजार मध्ये रु.२ करोड ८ लाख ५९ हजार ४०० गत वर्ष सम्म तथा यो वर्षको रु.३० लाख ८६ हजार ९१९ गरी रु.२ करोड ३९ लाख ४६ हजार ३२० भुक्तानी भएको छ ।

**गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ को उपनियम २ वमोजिम निर्माण कार्य स्वीकृत ड्रईङ डिजाईन र स्पेशिफिकेसन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेकोछ। चिस्यान केन्द्र कार्य सम्पन्न भएको भए पनि सोको गुणस्तर सम्वन्धमा जाँचवुझ गरी प्रतिवेदन तयार गरेको पाईएन। साथै सम्पन्न गरीएको निर्माण कार्यको मेकानिकल परीक्षण सहित गुणस्तरीय चिस्यान केन्द्र भएको सम्वन्धमा परीक्षण भएको देखिएन। चिस्यान केन्द्र सम्पन्न भएको एक वर्ष भए पनि सञ्चालनमा नआएकोले स्पेशिफिकेसन वमोजिम गुणस्तरीय कार्य भएको सम्वन्धमा परीक्षण गरी प्रतिवेदन पेश हुनुपर्ने तथा चिस्यान केन्द्र संचालन हुनुपर्ने देखिन्छ।

## ४९ अस्पताल निर्माण

पालिकामा १५ शय्याको अस्पताल भवन निर्माण गर्ने २०७९।८० मा रु.२५ करोड ३४ लाख १८ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु. २३ करोड ८ लाख ४१ हजार कबोल गर्ने नवसृजनशिल यास जे.भी संग २०७९।१०।११ मा ३० महिना भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा गत वर्ष रु.४ करोड २ लाख ४३ हजार पेश्की लगेकोमा यो वर्ष भुक्तानी भएको छैन। यस सम्वन्धमा देखिएका वाँकी व्यहोराहरु देहायमा उल्लेख छन:

**कार्यतालिका:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को (ख) तथा खरिद सम्झौताको सर्त वमोजिम निर्माण व्यवसायीले पेश गरेको कार्यतालिकाको कार्यान्वियन हुनुपर्दछ ।सम्झौताको सर्त वमोजिम अस्पताल निर्माणको पेश भएको कार्यतालिका वमोजिम कार्यआदेश भएको १७ महिना अर्थात ५६ प्रतिशत समय व्यथित हुँदा संरचनाको पिलर तथा ढलानको कार्यहरु सम्पन्न गरी गाह्रोलगाउने कामको पचास प्रतिशत सम्पन्न गर्ने उल्लेख भएकोमा ढलानको काम सम्पन्न नभएको तथा गाह्रो लगाउने कार्य सुरुनै भएको देखिएन। सम्झौता वमोजिमको समयमा कार्य सम्पन्न हुनुपर्दछ ।

## ५० पेश्की

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (१) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायी वा आपुर्तिकर्तालाई बैंक जमानत लिई बीस प्रतिशतमा नवढ्नेगरी पेशकी दिन सक्ने व्यवस्था रहेको छ ।त्यस्तै खरिद सम्झौताको विशेष सर्तमा पेश्की रकम मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेको रकमको बीस प्रतिशत दश, दश प्रतिशतको दरले दिन सक्ने व्यवस्था रहेकोमा निम्नानुसारका निर्माण व्यवसायीलाई खरिद ऐन तथा खरिद सम्झौता विपरित निम्नानुसारका निर्माण व्यवसायीलाई वढी पेश्की दिएको पाईयो ।

| पेश्की लगेको मिति | निमाण कार्य | पेश्की लानेको नाम | सम्झौता रकम | पेश्की पाउने | पेश्की रकम | वढी पेश्की |
|---|---|---|---|---|---|---|
| २७।८०।११।२७ | वादिकोट मैदान ओखरकोट पदमार्ग | श्री समृद्धि नि से | २६९७९९३ | ५३९५९८ | ६००००० | ६०४०२ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : झिमरुक गाउँपालिका, प्युठान , झिमरुक गाउँपालिका , प्यूठान

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि प्रसाद पोख्रेल | २०८०-३-११ | २०८०-५-२४ |
| कार्यालय प्रमुख | कृष्ण बहादुर थापा | २०८०-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पिताम्वर मरासिनी | २०७६-९-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४३,१६० | ४४,२८३,४५४ | १,००७,८७० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४५,३३४,४८४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३५५,६६० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४४,९७८,८२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३६२७६९७१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२२४५३७३९ | चालु खर्च | ३४०८४७७१३ |
| प्रदेश सरकारबाट अनुदान | २४०७४७१३ | पूँजीगत खर्च | १००६२८३८३ |
| राजश्व बाँडफाँट | ८९०४६१४० | वित्तीय/अन्य व्यवस्था | १५०२९५७९६ |
| आन्तरिक आय | २६४७४०१३ | | |
| अन्य आय | १३२८८८६१७ | | |
| कुल आय | ५९४९३७२२२ | कुल खर्च | ५९१७७१८९२ |
| बाँकी मौज्दात | | ३९४४२३०१ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्योंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्योंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्योंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू सञ्चालनभएको नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ ।